# उपाध्यक्ष श्री उर्मिला खड्का के.सी.ले गाउँ सभामा प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम

**तामाकोशी गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**जफे, दोलखा**

**१० असार २०७७**

**श्री सभाध्यक्ष महोदय तथा गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

तामाकोशी गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँसभा समक्ष आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । यस घडीमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीवनका लागि भएका विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

कोभिड - १९ को विश्वव्यापी महामारीबाट सिर्जित विषम परिस्थितिका कारण विकास प्रयास अवरुद्ध भई विश्वभर आर्थिक तथा मानवीय संकट उत्पन्न भएको छ । यस विषम परिस्थिति विरुद्ध लड्न मौजुदा स्वास्थ्य उपकरण, स्वास्थ्यकर्मी तथा अन्य सुविधाहरु अपर्याप्त देखिएका छन् । बन्दाबन्दीका कारण दैनिक ज्याला मजदुरीमा जिविकोपार्जन गर्ने वर्ग र उद्यमी व्यवसायी मुख्य मारमा परेका छन् । वैदेशिक रोजगारीबाट धेरै युवा फर्किन बाध्य भएका छन् । यस विषमपूर्ण अवस्था कहिले सम्म भन्ने अन्योलता व्याप्त छ । असहज परिस्थितिले मानव समुदायका आवश्यकता र प्राथमिकतालाई नै बदलिदिएको छ । यस अवस्थामा विकास र सुशासनका प्राथमिकताहरु निर्धारण गर्नु र सामाजिक तथा आर्थिक गतिविधि र सार्वजनिक सेवालाई साविक झैं पुनर्स्थापित गर्नु जटिल काम हुने देखिन्छ । यसका लागि सर्वप्रथम कोभिड - १९ को विश्वव्यापी संक्रमणका कारण सिर्जित असहज परिस्थितिबाट आफ्नो स्थानीय सेवा प्रवाह, समग्र शासन व्यवस्था र विकास निर्माणमा परेको नकारात्मक असरको लेखाजोखा गर्नुपर्ने हुन्छ । यस प्रकार गरिएको असरको अनुमान र आगामी वर्षको लागि आवश्यकता र प्राथमिकता पहिचान गरी कोभिड - १९ संवेदनशील योजना सहितको नीति तथा कार्यक्रमको तर्जुमा गर्न सकेमा मात्र स्थानीय सरकारको प्रभावकारीता बढ्न जाने हुन्छ ।

**सभाध्यक्ष महोदय,**

अब म यस तामाकोशी गाउँपालिकाको आगामी वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु । संघीयताको सन्निकटाको सिद्धान्तलाई आधारसिला मानी कोभिड १९ बाट सिर्जित अवस्थालाई मध्येनजर गर्दै "**तामाकोशी गाउँपालिकाको परिकल्पना : सबल र समृद्ध स्थानीय सरकार हाम्रो चाहना**" को अभियानलाई आत्मसात गर्दै यस वर्षको नीति तथा कार्यक्रम अगाडि बढाइनेछ । "**नागरिक सन्तुष्टि एवं सुख अभिवृद्धि"** को अभिप्रायका साथ कोभिड संवेदनशील (Covid Responsive) क्रियाकलापमा आधारित चुस्त र दुरुस्त प्रशासनिक कार्यविधि अवलम्बन गरिनेछ । आगामी आर्थिक वर्षलाई **"समृद्ध, आधुनिक, शान्त एवम् स्वस्थ न्यायपूर्ण गाउँपालिका"** निर्माणको आधार वर्षको रुपमा लिइनेछ ।

**यस क्रममा म कृषि, सिँचाई तथा पशु विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१. एक वडा एक उत्पादन पकेट क्षेत्र कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
२. पकेट क्षेत्रमा बाली सिविर, बाली विमा तथा प्रति के.जी उत्पादनमा अनुदान दिइने कार्यक्रमको शुरुवात गरिनेछ ।

३. संघीय सरकारको नीतिअन्तर्गत १ गाउँ १ कृषि तथा पशु प्राविधिक निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
४. कृषि क्षेत्रतर्फ आम नागरिकको आकर्षण बढाउन तथा उत्पादकत्व बृद्धि गर्न भूमि बैंकको अवधारणा कार्यान्वयन गरिनेछ ।

५. एकीकृत कृषि खेती, सामूहिक तथा सहकारी खेती प्रणाली र पर्यापर्यटनीय तथा वातावरणमैत्री कृषि प्रणालीलाई प्रोत्साहित गरिनेछ ।

६. दुध, तथा मासुको उपलब्धता बढाउन नश्ल सुधार कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

७. बाह्रै महिना सिँचाइ सेवा उपलब्ध हुन नसक्ने क्षेत्रमा भूमिगत जलस्रोत र आकाशे पानीको संकलन, पोखरी तथा जलाशयमा भण्डारण गरी थोपा, फोहोरा जस्ता प्रविधि संचालनमा ल्याइनेछ ।

८. कोदो, जौ, कागुनो तथा फापर जस्ता स्थानीय पोषिलो रैथाने बालीको उत्पादन तथा संचालनमा प्रोत्साहन गरिनेछ ।

९. कोभिड - १९ ले निम्त्याएको बन्दाबन्दीका कारण खाद्यवस्तुको मूल्यमा आएको उतार चढावलाई व्यवस्थित गर्न गाउँपालिका साथै वडास्तरीय खाद्यवस्तुको बजार अनुगमन प्रणालीलाई व्यवस्थित गरिनेछ ।

१०. सीमान्तकृत तथा खाद्य असुरक्षाको जोखिममा रहेका घरधुरीहरुलाई समूह तथा सहकारीमा आबद्ध गराई करार तथा सामूहिक खेती गर्न प्रोत्साहन गरी खाद्य उपलब्धता बृद्धि गरिनेछ ।

११. कोभिड - १९ को जोखिमका कारण वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई व्यावसायिक कृषि तथा पशुपालनसम्बन्धी आधारभूत ज्ञान र सीप अभिबृद्धि गराउन तालिम  तथा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. कृषि उपज केन्द्र, हाट बजार लगायत क्षेत्रको प्रवर्धन गरी कृषिजन्य वस्तुहरुको लागत साझेदारीका आधारमा व्यवसायीकरण र बजारीकरणमा विशेष जोड दिइनेछ ।

१३. भूमिको माटो परीक्षण कार्य सञ्चालन गरी कृषकहरुलाई माटोको प्रकार, गुणस्तर र हावापानी अनुकुल खेती गर्न एवं उचित मात्रामा मल, बिउ र विषादीको प्रयोग गर्न प्राविधिक सेवा उपलब्ध गराइनेछ साथै कृषि चुन वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

१४. कृषि उपजको सम्भावना भएका गाउँपालिकाका आवश्यक क्षेत्रहरुमा कृषि उपज संकलन केन्द्र तथा शीत भण्डारण स्थलहरु क्रमागत रुपमा स्थापना गर्दै लगिनेछ । उत्पादन भएका कृषि उपजहरुको बजारिकरण तथा विक्रि वितरणको सुनिश्चितता मार्फत उत्पादन तथा आम्दानी बृद्धि गर्न सहयोग पुर्याइनेछ ।

१५. कृषि एवं पशु विकासका लागि कृषकहरुलाई उत्पादन विक्रि परिणामको आधारमा कृषि उत्पादन प्रोत्साहन तथा सहुलियत ऋण कोष मार्फत प्रोत्साहन तथा सहुलियत ऋण प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिई व्यवसायिक कृषकको उत्पादनमा जोड दिइनेछ ।

१६. कृषि एवं पशु विकासको क्षेत्रको व्यवसायीकरण, विविधिकरण एवं यान्त्रीकरणमा सहजताको लागि आवश्यक पर्ने कृषि प्राविधिकको व्यवस्थाको लागी संघिय एवम् प्रदेश सरकारसँग पहल गरिनेछ ।

१७. तरकारी, मसलाबाली, फलफूल, जडिबुटि एवं पोशिला घाँसका वीऊ एवं विरुवाको सुलभ मूल्यमा वितरणको व्यवस्था गर्न हाइटेक नर्सरी स्थापनाका लागि प्रोत्साहन गरिनेछ ।

१८. स्थानीय कृषि सहकारी तथा कृषि खाद्य सुरक्षा तथा पोषण आयोजना कार्यक्रमसँग समन्वय गरी धान, मकै, गहुँ, कोदो तथा अन्य बालीको विऊ उत्पादन गरी विऊ विजन बैंक स्थापना गरिनेछ । प्रस्तावपत्रको माग गरी स्थानीय सहकारीहरु, व्यक्ति, फर्म, समूहहरुलाई कृषि, पशुविकासका लागि सहुलियत ऋण, अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९. विद्यमान जुनोटिक रोग, फौजी किरा प्रकोप जस्ता रोगको  बारेमा जनचेतना कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

२०. कृषक वाली तथा पशु विमालाई प्रभावकारी बनाउँदै कृषकलाई खाद्य श्रृखलामा आवद्ध गराई कृषि एवं पशु उपज निर्यात गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२१. खेतीयोग्य जमिनमा कुलो निर्माण, थोपा सिचाँई, Water lifting प्रविधिको प्रयोग गरी पर्याप्त सिचाँइको लागि आवश्यक व्यवस्था गरिनेछ ।

२२. गाउँपालिकाका उपयुक्त स्थानहरुमा हिउँदे पोखरीहरुको निर्माण कार्यलाई प्राथमिकतामा राखिनेछ । प्लाष्टिक पोखरीहरु निर्माण गरी, पोखरीलाई मत्स्यपालन केन्द्र एवं सिचाँईको स्रोतको रुपमा विकास गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

२३. हिउँदे घाँस जै को लागी पकेट क्षेत्र स्थापना गरी घाँसको विउ सहज रुपमा उपलब्ध गराइनेछ ।

२४. गाउँपालिका भित्र संचालनमा रहेका मासु पसल, दुग्ध सहकारी संस्था, औषधी र दाना पसलहरुको निरन्तर अनुगमन र मूल्याङ्कन गरिनेछ ।

२५. उत्पादन र बजारको सम्भाव्यताको आधारमा क्षेत्र पहिचान गरी गाई भैसि, बाखा र बंगुर पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. स्थानीय बाखामा नश्ल सुधार गरी मासुजन्य पदार्थमा वृद्धि गर्न उन्नत जातका वोयर बोका खरिद गरी बाखापालक कृषकहरुलाई वितरण गरिनेछ ।

२७. एग्रो फरेस्ट्रीको अवधारणाअनुसार सामुदायिक वनसँग समन्वय गरी सामुदायिक वनभित्र डालेघाँस भूइँघास र फलफुलका विरुवाको सम्भाव्यता अध्ययन गरी कम्तिमा दुई सामुदायिक वन तथा सरकारी वन क्षेत्रमा कार्यक्रम सञ्चालन गरिनेछ ।

२८. सडक किनारामा हुने भु-क्षय नियन्त्रण गर्न तथा घाँस उत्पादनका लागि सडक छेउमा अम्रिसो रोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. पशुपालक कृषकहरुको आयस्तर वृद्धि गर्न पशु आहार सेवा कार्यक्रम सञ्चालन गरि गाउँपालिका भित्र हिउँदे, वर्षे, वहुवर्षे तथा डालेघाँसका बिउ तथा बेर्ना वितरण गरिनेछ ।

३०. लोपोन्मुख अवस्थामा रहेका भेडा पालन व्यवसायलाई संरक्षण गरि ऊन र मासु उत्पादनमा बृद्धि गर्न भेडा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. गाउँपालिका भित्र रहेका पशुपंक्षीहरु स्वस्थ राखी आयआर्जन बृद्धि गर्न सम्पूर्ण पशुपंक्षीपालक कृषकहरुका पशुपंक्षीहरुलाई रोग निदान गरि पशु उपचार /पशु स्वास्थ्य शिविर/रेविज रोग नियन्त्रण शिविर मार्फत उपचार तथा खोप सेवा संचालन गरिने छ ।

३२. व्यवसायिक पशुपालक कृषकहरुलाई दुधमा प्रति लि. उत्पादनमा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३३. कृषकले लगाएको बालीनालीमा अत्याधिक क्षति पुर्याएको बाँदर नियन्त्रणको लागि हरसंभव प्रयास गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म स्वास्थ्य, सरसफाई तथा पिउने पानी सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

३४. वडास्तरीय सेवाकेन्द्र मार्फत ४० वर्षमाथिका नागरिकको रक्तचाप, र मधुमेहका साथसाथै आल्बुमिन जाँचको व्यवस्था गर्ने कार्यको सुरुवात गरिनेछ ।

३५. गाउँपालिका स्तरमा १५ बेड क्षमताको अस्पतालको स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडि बढाउँदै आवश्यक जनशक्तिहरुको नियुक्ति गरिनेछ ।

३६. गाउँपालिकाअन्तर्गत पूर्णखोप सेवालाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

३७. उपर्युक्त स्थानको छनोट गरी आरोग्य केन्द्र वा योग केन्द्रको स्थापना गरिनेछ ।

३८. घुम्ति स्वास्थ्य कार्यक्रमको कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

३९. शिक्षा क्षेत्रसँग स्वास्थ्य सेवालाई आबद्ध गर्ने हेतुका साथ अगाडि बढाइएको एक विद्यालय एक नर्स कार्यक्रमलाई अझ प्रभावकारी बनाउँदै लैजानका लागि प्रदेश सरकारको कार्यक्रममा थप विस्तार गरिनेछ ।

४०. स्थानीय सम्भाव्यताका आधारमा औषधीजन्य जडीबुटीको व्यावसायिक खेतीलाई प्रवर्द्धन गर्ने कार्यक्रम अगाडि बढाइनेछ ।

४१. आँखा, नाक, कान, घाँटी तथा मुखको उपचार ( ENT ) सेवालाई क्रमशः विकास र विस्तार गरिनेछ ।

४२. हरेक वडामा **“मेरो घर सफा घर“, “हाम्रो विद्यालय सफा विद्यालय“** अभियान सञ्चालनमा ल्याइनेछ । त्यस्तै “**हाम्रो स्वास्थ्य हाम्रो सरोकार**” अभियान सञ्चालनमा ल्याई स्वास्थ्य सम्बन्धी जनचेतनात्मक कार्य अगाडि बढाइनेछ ।

४३. जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने सूर्तीजन्य पदार्थ, मदिरा तथा अखाद्य वस्तुहरुको मिसावट र प्रयोगलाई नियन्त्रण र नियमन गरिनेछ ।

४४. परम्परागत पानी, पोखरी, ढुँगेधारा र मूलको संरक्षण गर्न कार्यक्रम सञ्चालन गरी भौगालिक र प्राकृतिक स्वरुपको समेत जगेर्ना गरिनेछ ।

४५. मानव मल मूत्र र फोहोर पानीको उचित व्यवस्थापन गरी वातावरणीय स्वस्थता कायम गर्ने अभियानको प्रारम्भ गरिनेछ ।

४६. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा बारेमा चेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

४७. गाउँपालिकाका ज्येष्ठ नागरिक तथा विकलाँङ्गहरुको स्वास्थ्य जाँच गरी उपचार सेवा प्रदान गर्न आ.व. २०७४/०७५ मा शुरु गरिएको घर-घरमा स्वास्थ्यकर्मी कार्यक्रमलाई वर्षको २ पटक सञ्चालन गर्ने कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिईनेछ ।

४८. विद्यालय मार्फत वालबालिका हेरचाह र स्वास्थ्य तथा आहार सम्बन्धि आधारभूत तालिम दिईनेछ । महिलाहरुमा देखिने पाठेघरको क्यान्सर, आङ खस्ने तथा स्तन क्यान्सर समस्यालाई न्युनीकरण गर्न स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । बालबालिकाहरुको स्वास्थ्य समस्या समाधान गर्न आवश्यक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

४९. गम्भीर प्रकृतिको रोगको उपचारमा सहयोग पुर्‍याउन नागरिक स्वास्थ्य उपचार सहायता कोष मार्फत सहायता प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ । गाउँमा बसोबास गर्ने नागरिकका लागि अनिवार्य स्वास्थ्य वीमा कार्यक्रमको सुरुवात गरिनेछ ।

५०. वर्षमा १ पटक हरेक वडामा विषेशज्ञ डाक्टर सहितको स्वास्थ्य शिविर सञ्चालन कार्यक्रमलाई निरन्तरता दिईनेछ । अन्धविश्वासमा आधारित उपाचार पद्धतिलाई निरुत्साहित गर्दै “आम्ची सेवा” लाई प्रवर्द्धन गरिनेछ ।

५१. प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्न सञ्चालित गाउँघर क्लिनिकलाई निरन्तरता दिई थप व्यवस्थित गर्दै आवश्यकता अनुसार उक्त गाउँघर क्लिनिकलाई सामुदायिक स्वास्थ्य ईकाइमा क्रमशः परिणत गरिनेछ ।

५२. बालबालिकाहरुको खोप सेवालाई थप प्रभावकारी बनाउन गाउँपालिकामा भ्याक्सिन स्टोरेज तथा वितरण कक्ष स्थापना गरिनेछ ।

५३. सुरक्षित मातृत्वका लागी ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रमलाई क्रमशः व्यवस्थित गर्दै लगिनेछ ।

५४. सुत्केरी पश्चात हुने अवान्छित संक्रमण रोक्न ३ र ७ दिनमा स्वास्थ्य जाँच गर्न घरघरमै नर्सिङ स्वास्थ्यकर्मी परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५५. हरेक स्वास्थ्य चौकीहरुमा सुत्केरी गराउन आउने हेरालुको लागी Waiting house(खाना, वस्न समेतको व्यवस्था) स्थापना गरिदैं लगिनेछ । सुत्केरी गराउन खटिने स्वास्थ्यकर्मीले अन्यत्र रिफर गरेको खण्डमा काठमाडौंसम्म लैजाने क्रममा लाग्ने खर्चको एकतर्फी यातायात खर्च व्यहोर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५६. पिउने पानीका स्रोतहरुको पहिचान, पुराना धारा एवं ट्याङकीहरुको मर्मत सम्भार गरी पिउने पानीको उचित व्यवस्था गर्न एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ । हरेक वडाको खानेपानी योजनामा दक्ष प्लम्बरको व्यवस्थाको लागी तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५७. पिउने पानीको दिगो स्रोत उपलब्ध नभएका स्थानहरुमा वैकल्पिक स्रोतको पहिचान गरिनेछ। शुद्ध पिउने पानी हरेक व्यक्तिको अधिकारको रुपमा मनन् गर्दै पानी शुद्धिकरणका प्रविधि तथा तरिकाहरु प्रचारप्रसार गरी जनस्तरमा चेतना अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५८. गाउँपालिका केन्द्रमा रहेको स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना गरिए झैं अन्य स्वास्थ्य चौकीमा समेत क्रमश विस्तार गर्दै लगिनेछ।

५९. हरेक घरबाट निस्कने फोहोरको वर्गीकरण गरी कुहिने फोहोरबाट प्राङ्गारिक मल बनाउने ज्ञान सीप, प्रविधि प्रदान गरी फोहोरबाट अन्य उपार्जन गरिने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६०. नकुहिने फोहोरको दिगो व्यवस्थापनका लागि उपयुक्त स्थल पहिचान गर्न सम्भाव्यता अध्ययन गरिनेछ। गाउँपालिकालाई प्लाष्टिक मुक्त बनाउन अभियान सञ्चालन गरिनेछ।

६१. Silent Killer को रुपमा रहेका रोगबाट जीवनको समाप्ती हुने बढ्दो क्रमलाई रोक्न जीवनशैली परिवर्तनका लागि आरोग्य केन्द्र स्थापना गरिने साथै मनोपरामर्श कार्यलाई निरन्तरता दिईनेछ।

६२. यस तामाकोशी गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणाका लागी आवश्यक कार्यक्रम अगाडि बढाइनेछ।

६३. महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई खाजा तथा यातायात खर्चको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६४. स्वास्थ्य चौकीहरुबाट सञ्चालन भईरहेको सेवाहरुबारे सामाजिक परिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६५. कोभिड - १९ लगायत विभिन्न महामारी रोगहरुको रोकथाम नियन्त्रण तथा निगरानीका लागि सरोकारवाला पक्षहरुसँग अन्तरक्रिया गरी आवश्यकताअनुसार RRT (Rapid Response Team) परिचालन गरिनेछ।

६६. विभिन्न सरुवा रोग, असाध्य रोग तथा मानसिक रोग नियन्त्रणका लागि अन्तरक्रिया कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

६७. कोभिड - १९ जस्ता महामारीजन्य प्रकोपको न्यूनीकरणका लागि एक कोषको व्यवस्था गरिनेछ।

**सभाध्यक्ष महोदय,**

**अब म शिक्षा सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु।**

६८. विश्वव्यापी महामारी कोभिड - १९ लाई मध्यनजर राख्दै सुरक्षित तवरबाट भर्ना अभियान सञ्चालन गरिनेछ।

६९. गाउँपालिकाका माध्यामिक तथा आधारभूत विद्यालयहरुलाई स्रोतसाधनले युक्त बनाउँदै विद्यालय सुधार योजनालाई निरन्तरता दिइनेछ।

७०. प्रत्येक विद्यालयलाई हरित विद्यालयका रुपमा विकास गर्दै लगिनेछ।

७१. विद्यार्थीहरुको प्रतिभा प्रस्फुटनका निम्ति खेलकुद, मनोरञ्जन र अतिरिक्त क्रियाकलायमा जोड दिँदै लगिनेछ।

७२. कक्षा ५ र ८ को परीक्षालाई पालिकाबाटै सञ्चालन गरि स्तरीकृत र व्यवस्थित गर्दै लगिनेछ।

७३. सम्भाव्यताका आधारमा नमुना पुस्तकालय निर्माण गर्ने कार्यको सुरुवात गरिनेछ।

७४. जनसाङ्ख्यिक बनोट, भौगोलिक अवस्थाको आधारमा विद्यालय नक्सांकन गरी विद्यालय गाभ्ने, सार्ने तथा नयाँ स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

७५. निजी लगानीका विद्यालय सहित सबै विद्यालयको पाठ्यक्रम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी एवम् आर्थिक व्यवस्थापन लगायतका विषयमा नियमन गरिनेछ।

७६. कोभिड - १९ को संक्रमणको कारण अवरुद्ध रहेको सिकाइ प्रणालीलाई सूचारु गर्न र विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा नियमित पठनपाठन नभएसम्म आफ्नो परिवेश अनुकुल सिक्ने वातावरण सृजना गर्न दूर तथा खुला शिक्षा लगायत वैकल्पिक प्रणालीको माध्यमबाट प्रभावकारी र व्यवस्थित रुपमा सिकाइमा सहजीकरण गर्न "**वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७**" मा उल्लेखित प्रावधान बमोजिम शैक्षिक सत्र अगाडि बढाईनेछ ।

७७. पाँचवर्षमुनीका बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ ।

७८. सबै प्रकारका शैक्षिक संस्थाहरुको भौतिक अवस्थामा सुधार गरी विपद्प्रतिरोधी बनाइनेछ ।

७९. "**समतामूलक शिक्षा**" को अभिप्राय आत्मासाथ गर्दै गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि आवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था सम्बन्धी कार्यलाई निरन्तरता दिइनेछ ।

८०. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रणालीसँग आबद्ध गर्दै लगिनेछ ।

८१. विद्यार्थीको सिकाइ थप प्रभावकारी बनाउन निरन्तर मूल्यांकन प्रणाली अबलम्बन गरी सिकाइ प्रणालीलाई अझ प्रभावकारी बनाउँदै लगिनेछ ।

८२. "**गुणस्तरीय शिक्षा, दीगो सिकाइको आधार**" अभिप्रायलाई आत्मसात गर्दै बालमैत्री शिक्षण सिकाइलाई जोड दिइनेछ ।

८३. पुस्तकालय तथा सिकाइ कुना ( Learning Corner ) स्थापना गरिनेछ ।

८४. विद्यालय दिवा खाजा कार्यक्रम, छात्रवृत्तिका कार्यक्रमहरु, वैकल्पिक शैक्षिक कार्यक्रमलाई अझ प्रभावकारी बनाउँदै लगिनेछ ।

८५. विद्यालयको भौतिक र शैक्षिक व्यवस्थापन पक्षलाई मूल्यांकन गरी थप प्रभावकारी बनाउँदै लगिनेछ ।

८६. विद्यार्थीको पहुँचलाई दृष्टिगत गर्दै टेलिभिजन एवम् रेडियो मार्फत नयाँ शैक्षिक सत्रको पठनपाठन अघि बढाइनेछ ।

८७. आवश्यकतामा आधारित भएर विषयगत शिक्षक तथा प्रधानाध्यापकहरुलाई नेतृत्व तथा क्षमता विकासका तालिमहरु प्रदान गरिनेछ ।

८८. प्रत्येक विद्यालयमा सेनिटरी प्याड वितरण समिति गठन गरी यससम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै किशोरीहरुमा महिनावारीको समयमा देखापर्ने संकोचमा कमी ल्याउनका साथै त्यसको प्रयोग र व्यवस्थापन गरिनेछ ।

८९. गाउँपालिका भित्र संचालित शिक्षा क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरुको प्रभावकारी ढङ्गले अनुगमन र मुल्याङ्कन गर्ने प्रणाली अवलम्बन गरिनेछ ।

९०. विद्यालयको शैक्षिक सुधारका निम्ति आवश्यक शिक्षक व्यवस्था, शैक्षिक प्रदर्शनी, शैक्षिक भ्रमण र अतिरिक्त क्रियाकलापका माध्यमबाट विद्यालय शिक्षाको गुणस्तर उकासिनेछ ।

९१. संविधान प्रदत्त शिक्षा सम्बन्धी मौलिक हक, "सबैका लागि शिक्षा" शिक्षाको राष्ट्रिय नीति, विद्यालय क्षेत्र विकास कार्यक्रमको मूलमर्म अनुरुप हरेक बालबालिकाको विद्यालय शिक्षामा पहुँचको अधिकारलाई प्राथमिकताका साथ सुनिश्चित गरिनेछ ।

९२. प्रोत्साहन तथा पुरस्कार कार्यक्रमलाई निरन्तरता दिँदै दण्ड र पुरस्कार निति अवलम्बन गरिनेछ ।

९३. आर्थिक विपन्नताको कारण शैक्षिक अवसरबाट वन्चित बालबालिकालाई विद्यालय शिक्षाको पहुँचमा सुनिश्चितता गर्न कार्यक्रम संचालन गरिनेछ ।

९४. गाउँपालिकाको समग्र शैक्षिक स्थितिलाई मध्यनजर गर्दै शैक्षिक क्षति कम गर्न बालबालिका भर्ना अभियान चलाईनेछ । विद्यालय छोड्ने दर (Drop Out) कम गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

९५. Paper Pencil Test मा आधारित परीक्षण पद्धतिमा परिमार्जन गरी सिकाई उपलब्धि दर र प्राप्त परिणाममा सुधार गरिनेछ । SEE तथा आधारभूत तहमा परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, शिक्षक तथा विद्यार्थीलाई सम्मान गरिनेछ ।

९६. गाउँपालिका भित्रका सबै विद्यालयहरुमा क्रमशः विद्युतीय हाजिरी जडान कार्यलाई निरन्तरता दिँदै सि.सी.टिभी क्यामेराको व्यवस्था गरिनेछ ।

९७. न्युन आर्थिक अवस्था भएका गरिव तथा जेहेनदार विद्यार्थीहरुलाई दिदैँ आएको विद्यालय पोशाकको सुविधालाई निरन्तरता दिइनेछ ।

९८. गाउँपालिकाका माध्यमिक विद्यालयलाई स्रोत साधनयुक्त नमुना विद्यालयको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिईनेछ । सम्पुर्ण विद्यालयहरुमा बाह्रमासे फूल, सिउँडी, हात्तीबार, लालुपाते जस्ता विरुवाहरु रोपी प्राकृतिक घेराबार निर्माणमा प्रोत्साहित गरिनेछ ।

९९. गाउँपालिका सरहदभित्रका प्रत्येक बालविकास केन्द्रहरुमा उपयुक्त शिक्षण सिकाई वातावरण निर्माण तथा आवश्यक पुर्वाधार विकास गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१००. गाउँपालिकाका विद्यालयमा रहेको इन्टरनेटको गुणस्तर बृद्धि गरी विद्यालयलाई उच्च गतिको इन्टरनेटको पहुँचमा पुऱ्याईनेछ । गाउँपालिका भित्रका विद्यालयहरुमध्ये समग्रपक्षको मूल्यांकन गरी उत्कृष्ट विद्यालय पहिचान गरेर पुरस्कृत गरिनेछ ।

१०१. गाउँपालिकाको उपयुक्त स्थानमा सामुदायिक सिकाई केन्द्र स्थापना गरी त्यसलाई दुर शिक्षा सिकाई केन्द्र (Distance Learning Center) को रुपमा विकास गर्दै लैजाने नीति लिइनेछ ।

१०२. अन्तराष्ट्रिय भाषाको रुममा रहेका अंग्रेजी भाषाको ज्ञान अभिवृद्धि गर्न हरेक विद्यालयमा मौजुदा जनशक्तिलाई तालिमको माध्यमबाट ज्ञान सिपको अभिवृद्धि गराई थप एक विषय अंग्रेजी माध्यममा अध्यापन गराउन उपयुक्त कार्यक्रम मार्फत अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०३. यस गाउँपालिकाको वडा नं. ४ मालुमा रहेको गोल्मेश्वर क्याम्पसलाई उच्च शिक्षाको मुख्य केन्द्रको रुपमा विकास गर्दै लगिनेछ । साथै गोल्मेश्वर माविमा सञ्चालित कृषि प्राविधिक शिक्षालयलाई थप व्यवस्थित गरिँदै लगिनेछ ।

१०४. आवश्यकताका आाधारमा शिक्षकको दरबन्दी मिलान गरी शिक्षक विद्यार्थी अनुपात मिलाइनेछ । उपयुक्त मापदण्ड तय गरी विद्यालय गाभ्ने (School Merger) एवं कक्षा थपघट गरिनेछ ।

१०५. उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्दै निजहरुको वृत्ति विकासलाई विद्यालयको विषयगत नतिजासँग आवद्ध गरिनेछ । शिक्षण सिकाई क्रियाकलापलाई थप प्रभावकारी गराउन श्रव्य दृश्य प्रणालीबाट योजनाबद्ध शिक्षण क्रियाकलाप सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०६. शैक्षिक केन्द्रलाई मर्यादित, अनुशाशित एवं व्यवस्थित बनाउन गाउँ शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिहरुलाई थप जिम्मेवार बनाइनेछ । शिक्षक विद्यार्थी अभिभावक सम्बन्ध सुमधुर बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

१०७. गाउँपालिका सरहद भित्र रहेका विद्यालयहरुलाई विज्ञान शैक्षिक प्रर्दशनी कार्यक्रममा अनिवार्य सहभागी गराई विज्ञान विषयलाई जीवनउपयोगी एवम् व्यवहारीक विषयको रुपमा अघि बढाउँदै लगिनेछ ।

१०८. विद्यालय प्रतिको अपनत्व र शैक्षिक सरोकारको विषयमा अभिभावकलाई अभिभावक शिक्षाको माध्ययमबाट सचेतिकरण गरिनेछ ।

१०९. शिक्षकहरुलाई तहगत तथा विषयगत रुपमा छोटो तथा लामो अवधिको तालिमको आयोजना गरी थप ज्ञान, सिपको विकास गराई सिकाई सहजिकरण प्रक्रियालाई सरलिकरण गर्दै लगिनेछ । साथै प्रधानाध्यापकहरुको नेतृत्व क्षमता विकासको तालिमद्धारा सशक्त बनाई प्रशासनिक क्षमता अभिवृद्धि गरिनेछ ।

११०. प्रयोगमा नआएका वा नआउने विद्यालयहरुमा महिला तथा जेष्ठ नागरिक मिलन केन्द्र ( Recreation center ) स्थापना गर्ने कार्यको सुरुवात गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म सडक यातायात तथा पुर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१११. गाउँपालिकाको Lifeline को रुपमा रहेको जफे- मालु- हाँवा जिरी सडक र भिरकोट- झुले- छौँडे-खावा सडकलाई गाउँपालिकाको अहम महत्वको सडकका रुपमा विकास गरी यस अघिकै नीतिलाई निरन्तरता दिँदै अन्य शाखा सडकलाई यिनै मुख्य सडकसँग जोडिनेछ । एक वडा एक विशेष महत्वको सडकलाई निरन्तरता दिइनेछ ।

११२. मुख्य चाडबाडलाई मध्यनजर गर्दै असोजताका सडक सरसफाई यान्त्रिक उपकरणको प्रयोग गरि हुँदै आएकोमा सो कार्यलाई श्रममा आधारित स्वरोजगारमूलक विधिमार्फत सञ्चालनमा ल्याइनेछ ।

११३. गाउँपालिका भित्रको यातायातलाई वाह्रै महिना सञ्चालन गर्न सडकको स्तरोन्नति गरिनेछ । विभिन्न प्राकृतिक कारणले अवरुद्ध सडक सुचारु गर्न **"आकस्मिक मर्मत सम्भार तथा व्यवस्थापन कोष"** बाट खर्च गर्न सकिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

११४. ग्रामीण सडकको दिगो सञ्चालन तथा व्यवस्थापनका लागि उपयुक्त प्रविधिको विकास गरी स्तरोन्नति गरिनेछ । पानीको वहावबाट हुने क्षति कम गर्न सडकको दायाँ बायाँ नालीको निर्माणलाई अनिवार्य गरिनेछ ।

११५. गाउँपालिकाका सडकहरुमा सडक श्रृखला (Road Chainage) निर्माण गरिनेछ । सडकको जग्गा कित्ता काट गरिनेछ । सडकको चौडाई, घुम्तिको दुरीको व्यवस्थापनका लागि निर्मित कानूनको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ । सडकको दायाँ वायाँ गरिने वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ ।

११६. गाउँपालिकाको केन्द्रबाट वडाको केन्द्रसम्म पुग्ने सुरक्षित र भरपर्दो सडक निर्माण गरी क्रमिक रुपमा सार्वजनिक यातायातको व्यवस्था गर्न आवश्यक तयारी थालिनेछ ।

११७. गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय सञ्चालनका लागि व्यवस्थित र सुविधायुक्त भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ । गाउँपालिका भित्र आवश्यक रहेका थप विद्यालय भवन, स्वास्थ्य चौकी, मठ मन्दिर आदिको निर्माण गरिनेछ । रिक्रियसन सेन्टर थप गर्दै लगिनेछ ।

११८. सहभागितामुलक विकास कार्यका लागि जनताको सक्रिय एवं अर्थपुर्ण सहभागिता अभिवृद्धि गर्न विकासमा साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ । यसका लागि आवश्यक सममुरक कोष ( Matching Fund) मा थप बजेटको व्यवस्था गरिनेछ ।

११९. गाउँपालिका भित्र भूकम्प प्रतिरोधी घर निर्माणका लागि अनिवार्य गरिनेछ ।

१२०. गाउँपालिका भित्र आवश्यक स्थानहरुमा सार्वजनिक शौचालयको निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव वन, वातावरण तथा भू-संरक्षण सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१२१. गाउँपालिका क्षेत्रभित्रका प्राकृतिक सम्पदाको दिगो उपयोगको नीति अवलम्बन गरिनेछ ।

१२२. गाउँपालिका क्षेत्रभित्रका वन सम्पदा एवं वन क्षेत्रलाई सामुदायिक वन, कवुलियती वनको रुपमा व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२३. सडक किनारामा हुनसक्ने भुक्षयलाई रोक्न आर्थिक लाभ समेत प्राप्त गर्न सकिने अम्रिसो लगायतका विरुवाहरु रोप्ने कार्य गर्न समुदायसँग सहकार्य गरिनेछ ।

१२४. जमिन खाली रहन नदिन उपयुक्त भू-उपयोग नीति अनुरुप जमिन तथा सडक आसपासमा वृक्षारोपणका लागि आवश्यक विरुवाहरु हाइटेक नर्सरीमा उत्पादन गर्ने व्यवस्था मिलाइनेछ ।

१२५. पहिरोको उच्च जोखिममा रहेका क्षेत्रहरुमा भूक्षय एवं पहिरो नियन्त्रणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१२६. उपयुक्त सार्वजनिक स्थलमा वर पिपल रोपी संरक्षण गर्ने व्यक्तिलाई विशेष सम्मान गरिनेछ । पहिरोको जोखिम तथा भुक्षय ग्रस्त क्षेत्रहरुमा बाँस, लगायत अन्य उपयुक्त विरुवा रोप्नु संरक्षण एवं उपयोग कार्यमा निम्न आय भएका व्यक्ति, भूमिहिन किसान तथा अल्पसंख्यकको संलग्नताको सुरुवात गरिनेछ ।

१२७. जमिनको प्रकृति अनुकुल हुनेगरी एक घर ५ वृक्ष अनिवार्य गर्दै मेरो घर मेरो बँगैचा मेरो फूलवारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२८. प्रत्येक वडाहरुमा बाल उद्यान, पिकनिक पार्क, आरोग्य केन्द्र निर्माण कार्य क्रमागत रुपमा गरी यस अघिको कार्यलाई निरन्तरता दिइनेछ ।

१२९. हावापानी सुहाउँदो जडिबटी खेतीका लागि आवश्यक व्यवस्था गरिनेछ । गाउँपालिका भित्र जडिबुटी प्रशोधन केन्द्र स्थापना गरी बजार मूल्य र उपयोगिताका आधारमा सुगन्धित तेल उत्पादन गरी उचित विक्रि वितरणको व्यवस्थाका लागी संम्भाव्यता अध्ययन गरिनेछ ।

१३०. खेर जाने वन पैदावरबाट कागज उत्पादन एवं वैकल्पिक ऊर्जाको विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ । हरेक वडालाई धुवाँमूक्त बनाउन धुवाँरहित सुधारिएको चुल्हो तथा विद्युतिय चुल्होको प्रयोगलाई प्रोत्साहित गर्ने कार्यलाई निरन्तता दिइनेछ ।

१३१. सामुदायिक वन, कवुलियती वन र राष्ट्रिय वनमा फलफुल जन्य विरुवाहरु रोपी वनजंगल हराभरा कार्यक्रमको थालनी गरिनेछ ।

१३२. सामुदायिक वन तथा कवुलियत वनसँग सहकार्य गरी सल्लोजन्य रुखहरु विस्थापन गरी डाले घाँस तथा उपयुक्त किसिमका विरुवा रोप्ने कार्यको प्रारम्भ गरिनेछ ।

**सभाध्यक्ष महोदय,**
**अव म आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१३३. उपलब्ध स्रोत साधनको महत्तम रुपमा परिचालन गरी दिगो आर्थिक विकास तर्फ अग्रसर रहने कार्यको शुरुवात गरिनेछ ।

१३४. आर्थिक विकासद्धारा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने कार्यको थालनी गरिनेछ ।

१३५. समाजका हरेक पक्षको आर्थिक सामाजिक रुपान्तरणका लागि अपेक्षित उपलब्धि हासिल गर्न उपलब्ध स्रोत साधनको समुचित उपयोगको नीति अवलम्बन गर्दै स्थानीय स्तरमा खेर गईरहेको श्रमलाई उत्पादनमा जोड्ने एवं हाते सिपमुलक लघु उद्यम कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३६. व्यवसायिक क्षेत्रमा लाग्न चाहने युवाहरुलाई आधारभुत तालिम, यन्त्र, उपकरण सहयोग तथा अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।

१३७. पूर्ण रोजगारको अवस्थामा नरहेका यूवाहरुलाई उद्यमशील बन्न स्वरोजगारमुखी सीप र उपयुक्त प्रस्तावपत्रको आधारमा वीऊ पूँजीको स्थापना गर्दै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिई थप प्रभावकारी बनाइनेछ ।

१३८. गाउँपालिका भित्र उत्पादनमुलक व्यवसाय सञ्चालन गरी उद्यमशीलता विकास गर्न प्रोत्साहन अनुदान एवं सहुलियत दरको ऋण प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१३९. स्थापित र सञ्चालित कृषि उपज केन्द्रहरुलाई विक्रि केन्द्रको रुपमा विकसित गरिनेछ ।

१४०. गाउँपालिका स्तरमा एक औद्योगिक क्षेत्र स्थापनाका लागि उपयुक्त स्थल पहिचान गरी आवश्यक तयारी अगाडि बढाइनेछ ।

१४१. सितापाइला-देउराली-घोरेनागी, हल्लिने ढुङ्गा क्षेत्रलाई रामायण सर्किट अन्तर्गत पर्ने जनकपुर-हनुमन्ते - गौरिशंकर हिमालसँग गाँसी पर्यटकीय स्थलको रुपमा विकास गर्दै लगिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म कला, साहित्य, संस्कृति तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१४२. स्थानीय समुदायहरुद्धारा उत्पादित मौलिक र परम्परागत हस्तकला तथा अन्य सामाग्रीको बजार व्यवस्थापनको उचित प्रबन्ध मिलाईनेछ ।

१४३. पर्यटनलाई गरीबी निवारणसँग आबद्ध गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

१४४. पर्यटकीय दृष्टिले महत्वपूर्ण पर्यटक स्थलको खोजी, पूर्वाधारको निर्माण, विकास र सञ्चालन गर्न विविध क्रियाकलाप र गतिविधि अपनाइने छ ।

१४५. ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र विकासका लागि स्थानीय जनसहभागितामा आधारित कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१४६. स्थानीय संस्कृति र कलाको विकास गरी स्थानीय सिर्जनशीलतालाई प्रोत्साहन गर्न **"एक क्षेत्र एक पहिचान**" कार्यक्रम अगाडि बढाई कार्यान्वयनमा ल्याइनेछ ।

१४७. गाउँपालिका भित्रको भौगोलिक विशिष्टतालाई मध्यनजर गर्दै जातिय तथा धार्मिक सम्प्रदायका बीच सहिष्णुताको थप प्रवर्द्धन गर्न सामाजिक - साँस्कृतिक बहुलवादको नीति अवलम्बन गरिनेछ ।

१४८. नेपाली भाषा, साहित्य, कला, स्थानीय भाषा एवं संस्कृतिको संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४९. गाउँपालिका सरहदभित्र रहेका देउरालीहरु, पोखरीहरु, ऐतिहासिक गढी, मठमन्दिर, घाटहरु, चर्च, गुम्बा जस्ता साँस्कृतिक सम्पदाको संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ। सल्लेपोखरीस्थित ऐतिहासिक गढी रहेको स्थानमा समेत पर्यटन प्रवर्द्धन हुने गरी सो आसपासको क्षेत्रमा पार्क निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।

१५०. हरेक वडामा रहेका साँस्कृतिक सम्पदाको पहिचान गरी तिनीहरुलाई सांस्कृतिक-पर्या-पर्यटन क्षेत्र ( Eco-Cultural Tourism Hub) को रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१५१. ऱ्याफ्टिङ, प्याराग्लाइडिङ, पदमार्ग, रक क्लाइमिङ जस्ता पर्यटनसँग सम्बन्धित कार्यका लागि पूर्वाधार विकास गर्न तालिमको आवश्यक व्यवस्था गरिनेछ तथा निजी क्षेत्रलाई सहकार्य गर्न प्रोत्साहन गरिनेछ । तामाकोशी गाउँपालिकाको प्राकृतिक कौमार्यता एवं सौन्दर्यता (Natural Virginity and Beautiness) लाई पर्यटन प्रवर्द्धनसँग जोड्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१५२. स्थानीय संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि जातिय संग्रहालय निर्माणलाई निरन्तरता दिइनेछ । आदिवासी जनजाति एवं अल्पसंख्यक समूदायको बाहुल्यता रहेको क्षेत्रमा होम स्टे सञ्चालनका लागि आवश्यक पूर्वाधारको निर्माण गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म यूवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१५३. कोभिड - १९ का कारण वैदेशिक रोजगारीबाट फर्कन बाध्य युवालाई केन्द्रित गरी वैदेशिक रोजगारीबाट आर्जन भएका ज्ञान, सीप, प्रविधि, पुँजी र अनुभवलाई उपयोग गर्ने क्षेत्र पहिचान गरी कार्यक्रम अगाडि बढाइनेछ ।

१५४. पुस्तौदेखि अङ्गिकार गरिएका परम्परागत पेसा जगेर्ना र प्रवर्द्धन गरी क्रमशः व्यवसायीकरण गर्ने कार्यमा युवा शक्ति परिचालन गरिनेछ ।

१५५. युवा लक्षित व्यवसायलाई प्रवर्द्धन गर्न सहकारीको माध्यमबाट सहलियतपूर्ण कर्जाको व्यवस्था गरिनेछ ।

१५६. युवा क्लबलाई प्रोत्साहन गरी सामाजिक तथा आर्थिक विकास एवम् कार्यमा युवाशक्तिलाई परिचालन गरिनेछ ।

१५७. स्थानीय प्रतिभाशाली खेलाडीहरुलाई प्रोत्साहन गर्न प्रशिक्षण तथा विभिन्न किसिमका खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछ ।

१५८. समाजमा विद्यमान सामाजिक भेदभाव तथा अमानवीय क्रियाकलापको अन्त्यका लागि युवा परिचालन गर्न स्थानीय संस्था,गैरसरकारी संस्थासँगको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५९. युवाहरुमाझ अनुशासित, मर्यादित, मुलुकप्रति सकारात्मक सोच र सुनौलो भविष्यको योजना सहितको भावना जागृत गराउन जीवन वृत्ति परामर्श केन्द्र (Career Counselling Center) स्थापना गरिनेछ ।

१६०. लागु औषध, दुर्व्यसनिमा लागेका युवाहरुलाई सो दुर्व्यसनीबाट छुटाउन मनोपरामर्श समेतको व्यवस्था गरी आवश्यक कार्यहरुको थालनी गरिनेछ ।

१६१. युवाहरुमा उद्यमशिलता विकास, नेतृत्व विकास एवं समाजप्रतिको उत्तरदायित्व वोध गराउन तालिम, अभिमुखिकरण कार्यक्रमको सञ्चालन गरिनेछ ।

१६२. युवाहरुको समूह, अध्येता वा विशेष अध्ययन अनुसन्धान केन्द्रहरुलाई सिपमुलक कार्यक्रम तथा स्थानीय रोजगारको प्रवर्द्धन गर्दै लघु उद्यम शुरु गर्न प्रोत्साहन, अनुदान एवं सहुलियत ऋण प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६३. वडा नं. ५, शहरेको भञ्ज्याङमा निर्मित खेलमैदानलाई विस्तृत परियोजना प्रतिवेदनले औल्याए बमोजिम पूर्वाधार सम्पन्न रंगशालाको रुपमा विकास गर्दै लगिनेछ ।

१६४. निर्माणाधीन खेलमैदानहरुलाई व्यवस्थित गर्दै लगिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव सूचना प्रविधि, सञ्चार तथा सुशासन, सार्वजनिक सेवा प्रवाह एवं संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१६५. तामाकोशी गाउँपालिकालाई सूचना प्रविधिमैत्री बनाउन हरसम्भव प्रयास गरिनेछ ।

१६६. सबै वडामा तीव्र गतिको इन्टरनेट जडान गरी सेवा प्रवाहसँग सम्बन्धित सम्पूर्ण कामहरुलाई प्रविधिसँग जोडिनेछ ।

१६७. गाउँपालिका र वडा कार्यालयहरुमा डिजिटल नोटिस बोर्ड तथा डिजिटल नागरिक वडापत्रहरु राखिनेछ ।

१६८. निर्वाचित प्रतिनिधी, कर्मचारी, विद्यालय र संघसंस्थाका कर्मचारीहरुलाई डिजीटल साक्षरता अभिबृद्धि अभियानमार्फत सूचना प्रविधिसम्बन्धी तालिमका कार्यक्रमहरु सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१६९. गाउँपालिका केन्द्रमा एक सूचना प्रविधि सेवा केन्द्र स्थापना गरिनेछ ।

१७०. जिन्सी व्यवस्थापन, योजना, राजश्व संकलन तथा वडा र गाउँपालिकाबाट उपलब्ध गराईने सम्पूर्ण सिफारिस सम्बन्धि कामकाजलाई चुस्त र पारदर्शी बनाउन सफ्टवेयरहरुको व्यवस्था गरिनेछ ।

१७१. विभिन्न कार्यालयहरु र मुख्य सार्वजनिक स्थलमा CCTV जडान गरी सुरक्षा निगरानी गर्ने व्यवस्था गरिनेछ

१७२. गाउँपालिकामा डाटा सेन्टर स्थापना गर्ने उद्देश्य स्वरुप गाउँपालिकामा सर्भर स्थापना गरी सेवा प्रवाहसँग सम्बन्धित विविध गतिविधिहरुलाई प्रविधिसँग जोडिनेछ ।

१७३. गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुमा इन्टरनेटको व्यवस्था गरी वेबसाइट तथा नतिजा व्यवस्थापन (Result management) प्रणाली लागु गरिनेछ ।

१७४. प्रत्येक वडाका मुख्य स्थानहरुमा Free Wifi Zone कार्यक्रमको थालनी गरिनेछ ।

१७५. हरेक विद्यालयहरुमा विद्युतीय हाजिरी र CCTV जडान गर्ने कार्यको थालनी गरी गाउँपालिकाको केन्द्रबाटै प्रविधि मार्फत अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

१७६. कर्मचारीहरुको सेवा प्रवाह प्रतिको तदारुकतालाई वृत्ति विकाससँग आवद्ध गर्दै उत्कृष्ट कार्यसम्पादनका आधारमा प्रोत्साहनको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१७७. गाउँपालिका भित्रका सम्पूर्ण सरकारी निकायहरुमा क्षतिपुर्ति सहितको नागरिक वडापत्रलाई दैनिक सेवा प्रवाहमा जोडिनेछ र कार्यालयका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्न समय समयमा आवश्यक तालिमहरु प्रदान गरिनेछ ।

१७८. सरकारी, गैर सरकारी, सामाजिक संघसंस्थाहरुको वजेट तथा कार्यक्रमलाई गाउँपालिकाको वार्षिक बजेट, योजना तथा कार्यक्रममा मूलप्रवाहिकरण गरी सहकार्य तथा समन्वयमा कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१७९. गाउँपालिका भित्रका सम्पूर्ण गतिविधीहरु Website तथा तामाकोशी एफ.एम. लगायत अन्य निकायबाट सूचना प्रकाशन/प्रसारणमा ल्याइनेछ ।

१८०. गाउँपालिकाको विकास र समृद्धिका लागि तथ्य र तथ्यांकमा आधारित भई दीर्घकालिन गुरु योजना निर्माण गरी आफ्नो गाउँ ठाउँमा आफैंले योगदान गरौं भन्ने नीति मार्फत विकासका कार्य सञ्चालन गरिनेछ ।

१८१. अत्याधुनिक प्रविधिको प्रयोग गर्नुपर्ने र उच्च लागत अनुमान रहेका आयोजनाहरु बाहेकका आयोजनाहरु उपभोक्ता समिति, सहकारी संस्थाहरु, सामुदायिक संस्थाहरु मार्फत कार्यान्वयन गरिनेछ । उपभोक्ता समितिहरुको कार्यमा थप प्रभावकारीता ल्याउन अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१८२. सूचना प्रविधिलाई सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणमा आवद्ध गराउँदै ज्ञानमा आधारित समाज (Knowledge Based Society) निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म राजश्व संकलन र परिचालन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१८३. करको दायरा फराकिलो बनाउँदै प्रगतिशील कर प्रणाली मार्फत कर, शुल्क, जरिवाना प्राप्त गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१८४. राजश्व संकलनमा प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई राजश्व प्रशासनलाई सक्षम, सुदृढ र व्यवसायिक बनाइनेछ ।

१८५. आम जनतामा कर तथा राजश्वको महत्वका बारेमा जनचेतनाको कार्यक्रम आरम्भ गरिनेछ ।

१८६. राजश्व प्राप्तिका मुख्य स्रोतहरु : सम्पत्ति कर, घर नक्सा पास दस्तुर, व्यवसाय कर, बहाल विटौरी शुल्क, सम्पत्ति मुंल्याङ्कन शुल्क, सिफारिस दस्तुरलाई समायानुकुल परिमार्जन गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म सामाजिक सेवा तथा समावेशी प्रबर्द्धन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१८७. वृद्धबृद्धा, पिडित, असहाय तथा विपन्न महिलाहरुको निमित्त मिलन केन्द (Recreation Center) निर्माण कार्य हरेक वडामा विस्तार गरिनेछ ।

१८८. एकल महिला सुरक्षा कोष सञ्चालन तथा एकल महिलाको क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१८९. लक्षित वर्गको आर्थिक- सामाजिक- सांस्कृतिक रुपान्तरण गर्न आय आर्जन, नेतृत्व विकासका उपयुक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ । पछि परेको समुदायलाई विकासको मूलधारमा मूलप्रवाहिकरण गर्न गरिवी निवारण कोषको स्थापना गरी सो मार्फत उनीहरुको क्षमतामा सुधार कार्य प्रारम्भ गरिनेछ ।

१९०. ज्येष्ठ नागरिक तथा विकलाङ्ग नागरिकहरुको लागि सरल जीवन व्यतित गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१९१. बालविवाह, बहुविवाह, दाईजो प्रथा, जातिय छुवाछुत, अनमेल विवाह, बोक्सी प्रथा जस्ता सामाजिक कुरिति, कुसंस्कार एवं रुढिवादी परम्पराको अन्त्य गर्न सांस्कृतिक सुधार कार्यक्रमलाई विद्यालय स्तरबाटै सुरुवात गरिनेछ ।

१९२. एकल महिला तथा एकल पुरुषलाई सामाजिक रुपमा स्थापित गराउँदै जीवन निर्वाहमा थप सहजीकरण गर्न सामाजिक अभियान मार्फत आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१९३. महिला विरुद्ध हुने घरेलु हिंसा अन्त्य गर्न तथा उनीहरुको घरेलु श्रमको मौद्रिक मुल्यमा मुंल्याङ्कन गर्न जनचेतना अभिवृद्धि गर्दै आवश्यक संरचनागत व्यवस्था गरिनेछ ।

१९४. महिला बालबालिका तथा अपांगता भएका व्यक्तिहरु, अल्पसंख्यक समूदायको लागि लैगिक समानता एवं सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion – GESİ) का विशेष कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१९५. लक्षित वर्गको उत्थानका लागि गाउँपालिका स्तरिय लक्षित वर्ग उत्थान समिति गठन गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म जोखिम तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१९६. बहुप्रकोप जोखिम आकलनमा आधारित भई यस सम्बन्धी चेतना अभिवृद्धि गर्दै बहुप्रकोप जोखिम आकलन तथा नक्सांकन गरिनेछ ।

१९७. कोभिड - १९ लगायत अन्य विभिन्न प्रकृतिका जोखिम वहन गर्न आवश्यक कार्यको थालनी गरिनेछ ।

१९८. विपद जोखिम न्यूनिकरण कोष सञ्चालनमा ल्याई आगामी दिनमा भैपरी आउने विपद तथा अन्य जोखिम सामनाका लागि आर्थिक संयन्त्र मजबुत बनाईनेछ ।

१९९. विपद पश्चातको क्षति न्यूनीकरण तथा पुनर्लाभको लागि स्थानीय तहको क्षमता विकास गरी स्थानीय तहसम्म उद्धार एवम् राहत सामग्रीको रणनीतिक मौज्दात (Strategic Storage) कायम राखी भण्डारण तथा वितरण प्रभावकारी बनाइनेछ ।

२००. जोखिम तथा विपद व्यवस्थापनका लागि गाउँपालिका तथा वडा स्तरमा गठित विपद व्यवस्थापन समितिहरुलाई स्रोत साधनयुक्त बनाई तिनिहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

२०१. विपद् पूर्व, विपदको समय तथा विपद पश्चातको समयमा धन जनको क्षति कम गर्न, सकेसम्म चाँडो पुनस्थापना गर्न जनचेतना फैलाई आवश्यक संरचनागत व्यवस्था गरी कार्यान्वयन गर्नका निमित्त अन्य गैर सरकारी संस्थाहरुसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२०२. सम्भावित जोखिमका क्षेत्रमा क्षति कम गर्ने तथा पुनस्थापनाका लागि हरेक वडामा आपत्कालिन सुरक्षा केन्द्रहरु क्रमागत रुपमा स्थापना गर्दै लगिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म उद्योग तथा वाणिज्य सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

२०३. गाउँपालिका भित्र उद्योग धन्दा स्थापना एवं व्यवसाय प्रवर्द्धनको लागि लगानी मैत्री वातावरणको निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

२०४. लघु उद्यमको स्थापना मार्फत उद्यमशीलताको विकास गर्न उपयुक्त प्रस्तावपत्रको आधारमा लघुउद्यम प्रोत्साहन, अनुदान तथा सहुलियत ऋणको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२०५. उत्पादनमुलक क्षेत्रमा संयुक्त लगानी, सेयर खरिद तथा नयाँ उद्योग स्थापनाका लागि लगानी कोषको स्थापना गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म कानून निर्माण तथा न्याय सम्पादन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

२०६. कानूनको नजरमा सबै समान हुन्छन् भन्ने सिद्धान्त अनुरुप छिटो कानूनी उपचार तथा न्याय प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

२०७. असहायहरुलाई न्याय दिलाउनका लागि असहाय न्यायकोष मार्फत उपयुक्त व्यवस्था गरिनेछ र न्यायिक समितिको, क्षमता अभिवृद्धिको लागि आवश्यक कार्यहरुको थालनी गरिनेछ ।

२०८. आवश्यकताको पहिचान गरी दैनिक कार्य सञ्चालनका लागि उपयुक्त ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डहरु निर्माण गरी लागू गरिनेछ ।

२०९. हिंसा पिडित महिलाहरुको लागि न्यायमा पहुँच स्थापित गर्न कोषको व्यवस्था गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म सहकारी तथा संघसंस्था सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

२१०. सहकारी संघसंस्थाहरुको एकिकरणलाई प्रोत्साहन दिने गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२११. सहकारी संस्थासँग साझेदारी मार्फत मागमा आधारित एक वडा एक कृषि उत्पादन नमुना कार्यक्रमको सुरुवात गरिनेछ ।

२१२. सहकारी संस्थाहरुको व्यवस्थापन र दक्षता अभिवृद्धिका लागि विविध तालिम सञ्चालन गरिनेछ ।

२१३. सबै सहकारी संस्थाहरुलाई कोपोमिस प्रणाली अनिवार्य रुपमा लागु गर्न प्रोत्साहन गरिनेछ ।

२१४. सहकारी संस्थाको संस्थागत क्षमता अभिबृद्धि हुने गरी विभिन्न प्राविधिक तथा व्यवस्थापकीय सहयोग र सहकार्यका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२१५. उत्कृष्ट सहकारी अवलोकन भ्रमण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२१६. जनताको हितको लागि बनाएको कार्यक्रम अनुसार उत्कृष्ट काम गर्ने सहकारीहरुलाई सम्मान गरिनेछ ।

२१७. सहकारी तथा अन्य सामाजिक संघ संस्थालाई समाजका व्यक्तिहरुको आर्थिक सामाजिक विकाससँग आवद्ध गराई उपयुक्त प्रस्तावपत्रका आधारमा अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२१८. गाउँपालिका भित्रका कृषि सहकारीहरुलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरी सहकारीहरुको परिचालनबाट परम्परागत कृषि प्रणालीलाई आधुनिक र व्यवसायिक बनाउने नीति अवलम्बन गरिनेछ ।

२१९. सहकारी तथा अन्य सामाजिक सामुदायिक संघ संस्थाहरुलाई आर्थिक सामाजिक साँस्कृतिक रुपान्तरणको धरोहरका रुपमा विकास गरिनेछ ।

२२०. गाउँपालिका भित्र रहेका सहकारी तथा अन्य संघ, संस्थाहरुको सवलीकरण नियमित अनुगमन र नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म ऊर्जा सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

२२१. बायोग्यास तथा सुधारिएको चुलो, बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जाको प्रवर्द्धन एवम् विस्तार गर्दै दाउराको प्रयोगलाई क्रमशः कम गर्दै लगिने छ ।

२२२. जैविक स्रोतको समुचित व्यवस्थापनबाट ऊर्जा उत्पादन गर्न प्रविधि र प्रणालीको विकास तथा विस्तार गरिनेछ ।

२२३. कृषि तथा पशुपन्क्षीको जैविक पदार्थको उपयोग गरी बायोग्यास प्लान्ट प्रवर्द्धनको कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

२२४. दिगो एवं अनन्त ऊर्जाको स्रोतको रुपमा रहेको सौर्य ऊर्जाको उत्पादन र प्रयोगलाई थप व्यवस्थित गर्दै बजार क्षेत्र तथा बाक्लो बस्तीहरुमा सोलार वत्तिको व्यवस्था गर्दै लगिनेछ ।

२२५. यस गाउँपालिका भित्र रहेका निर्माणाधिन तथा अन्य सम्भावित जलविद्युत आयोजनाहरुमा स्थानीय जनताको शेयर लगानी सुनिश्चित गर्न आवश्यक पहल गरिनेछ ।

२२६. जीवनको गुणस्तर (Quality of Life) अभिबृद्धि गर्न आवश्यक न्यूनतम ऊर्जाको उपलब्धताको सुनिश्चितता गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म सामाजिक सुरक्षा तथा संरक्षणसम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

२२७. ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा सामाजिक सुरक्षा भत्ताको सुविधा लिइरहेका व्यक्तिहरुको लगत अद्यावधिक/तयार गरी परिचय पत्र वितरणको कार्यलाई व्यवस्थित गर्दै लगिनेछ ।

२२८. जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाईसराई लगायतका घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी पञ्जिकरण गर्ने कार्यलाई Online प्रणाली मार्फत व्यवस्थापन गरिनेछ ।

२२९. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यहरु Online प्रणाली मार्फत सञ्चालन गरी समय सापेक्ष चुस्त दुरुस्त बनाउनका लागि जनशक्तिलाई तालिम तथा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।

२३०. पञ्जिकरण सम्बन्धी सम्पूर्ण कार्यहरु Online मार्फत सञ्चालनका लागि मातहतका सम्पूर्ण वडा कार्यालयहरुमा आवश्यक पूर्वाधारको व्यवस्थापन गरिनेछ ।

२३१. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यहरु सम्बन्धित निकायमा समयमै दर्ता/अद्यावधिक गराउन गाउँपालिका सरहद भित्रका टोलटोलमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२३२. आ.व. २०७७/०७८ देखि सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई प्रभावकारी र पारदर्शी बनाउनका लागि गाउँपालिकाका सम्पूर्ण लाभग्राहिहरुलाई बैङ्किङ प्रणालीमार्फत भुक्तानी दिने व्यवस्था मिलाइनेछ ।

२३३. सामाजिक सुरक्षा भक्ता वितरण निश्चित समय अवधिमा गर्ने र वडा समितिले प्रमाणित गरेको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने व्यवस्था गरिनेछ ।

२३४. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यहरुलाई प्रभावकारी र व्यवस्थित गराउन नियमित अनुगमनको कार्यलाई अघि बढाइनेछ ।

२३५. लैङ्गिक हिंसामा परेका तथा अन्य हिंसापिडित महिलाको उद्धार तथा पुनर्एकीकरण गर्न, मनोसामाजिक परामर्श प्रदान गर्न र स्वरोजगारमा आबद्ध गर्न प्रदेश सरकारको समन्वयमा सुरक्षित गृह ( Safe Home ) समेतको व्यवस्था गरी सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

२३६. **"ग"** वर्गमा परेका विकलाङ्गहरुलाई मासिक रु. एक हजार जीवन निर्वाहको लागि दिईदै आएको सुरक्षा भत्तालाई निरन्तरता दिईनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म श्रम तथा रोजगारीसम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

२३७. महामारीका कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिब तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवं आयआर्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२३८. कोभिड - १९ को महामारीका कारण भित्रने बेरोजगारहरुको सम्भावित पङ्क्तिलाई पूर्वाधार विकास घरेलु उद्योग, निर्माण तथा सेवा क्षेत्रमा परिचालन गर्ने कार्यक्रमहरु अगाडि बढाइनेछ ।

२३९. न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका विशेष कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२४०. स्थानीय महिलाहरुलाई सहकारी तथा गैरसरकारी संस्थामा आबद्ध गराई सीपविकास कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

**सभाध्यक्ष महोदय,**

**अब म सार्वजनिक प्रशासन सुशासन सञ्चालन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

२४१. सेवा प्रवाहलाई पारदर्शी, जनमुखी, उत्तरदायी बनाउन नागरिक समाज लगायत बहुसरोकारवालाहरुको निगरानी बढाइनेछ ।

२४२. सेवा प्रवाहको प्रभावकारीता मापनका लागि कार्यसम्पादन सूचकको व्यवस्थापन गरी दण्ड र पुरस्कारको उचित र प्रभावकारी व्यवस्था गरिनेछ ।

२४३. सार्वजनिक सेवा प्रवाहमा सदाचारिता अभिवृद्धिका लागि भ्रष्टाचारबिरुद्धको शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अब म प्रधानमन्त्री रोजगार कार्यक्रमसम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

२४४. गाउँपालिका भित्रका विकास निर्माणको आयोजनाहरुमा रोजगारी सिर्जना गर्न श्रममुलक आयोजनामा जोड गरिनेछ ।

२४५. गाउँपलिकाको रोजगार सेवा केन्द्रमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभुति गर्नका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममुलक आयोजना मार्फत समुदायको विकास सँगै दिगो विकासमा जोड दिइनेछ ।

२४६. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाबाट रोजगार सेवा केन्द्रको रोजगार व्यवस्थापन सुचना प्रणलीमा दर्ता भएका बेरोजगार युवाहरुलाई श्रममुलक आयोजना मार्फत विकास निर्माणको कामबाट रोजगारी सिर्जना गर्न तर्फ जोड दिइनेछ ।

२४७. बेरोजगारहरुको ज्ञान, सीप योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सिप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गरिनेछ ।

२४८. गाउँपालिकाको विकास निर्माणको काममा रोजगारदाताहरुलाई रोजगार सेवा केन्द्रको रोजगार व्यवस्थापन सुचना प्रणालीमा दर्ता भएका श्रमिकहरुलाई रोजगार प्रदान गर्ने रोजगार दाताहरुसँग सहकार्यमा जोड दिइनेछ ।

२४९. रोजगारीको सम्भावनाको अध्ययन, सीपमुलक तालिम नयाँ रोजगारी सिर्जना जस्ता विषयहरुमा विभिन्न गैरसरकारि र निजि क्षेत्र सँग सहकार्य र साझेदारी गरिनेछ ।

२५०. रोजगार सेवा केन्द्रको सन्चालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाउनका लागि उचित बजेटको व्यवस्था गरिनेछ ।

२५१. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ ।

२५२. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सन्चालन हुने श्रमुलक आयोजनालाई अझ प्रभावकारी र बढी भन्दा बढी बेरोजगार व्यक्तिलाई रोजगारी सिर्जना गर्न र दिगो विकासको लागि थप बजेटको समेत व्यवस्था गरिनेछ ।

२५३. विकास निर्माणको काम दिगो बनाऔँ श्रममुलक आयोजना मार्फत रोजगारी सिर्जना गरौँ भन्ने अवधारणका साथ **श्रम र रोजगार कार्यक्रमको** सुरुवात गरी हरेक वडाको सडक सरसफाइमा श्रमुलक आयोजना बाट थप रोजगारी सिर्जना गरिनेछ ।

अन्त्यमा, "**तामाकोशी गाउँपालिकाको परिकल्पना : सबल र समृद्ध स्थानीय सरकार हाम्रो चाहना**" को हाम्रो महान अभियानमा प्रत्यक्ष, अप्रत्यक्ष रुपले साथ र सहयोग गर्नुहुने केन्द्र तथा प्रदेश सरकार, गाउँपालिका परिवार, राजनीतिक दलहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु, समाजसेवी तथा वुद्धिजिवीहरु, कर्मचारी लगायत सम्पूर्ण सहयोगी मनहरुलाई हृद्धयदेखि धन्यवाद दिंदै आगामी दिनहरुमा पनि यस्तै साथ र सहयोगको अपेक्षा गर्दछु । साथै कोभिड - १९ का कारण उत्पन्न त्रासलाई निराकरण गर्दै ऐक्यबद्धता, आत्मविश्वास र सहकार्यका साथ नयाँ परिस्थितिले सृजना गरेको चुनौतीलाई सामना गरी प्राप्त अवसरलाई उपयोग गर्दै जनजीवनलाई नियमित तुल्याउने कार्यमा सम्बन्धित सबैको समन्वय र सहकार्यको अपेक्षा गर्दछु ।

**तामाकोशी गाउँपालिकाको सातौं गाउँसभा अधिवेशन (बजेट अधिवेशन) को**
**पहिलो बैठक मितिः २०७७/०३/१० बाट पारित**